# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७९।०५।३१ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

ने.रा. कन्या प्रा.वि., भेडिहरवा, पर्साका शिक्षक उर्मिला देवीको म्याट्रिक सर्टिफिकेट तहको शैक्षिक प्रमाणपत्र नक्कली रहेको र सोही प्रमाणपत्रका आधारमा शिक्षक पदमा करार नियुक्ति भई सरकारी लाभ लिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उर्मिला देवीले ने.रा. कन्या प्रा.वि. भेडिहरवा, पर्सामा शिक्षक पदमा नियुक्ति लिनको लागि भारत बिहार विद्यालय परीक्षा समिति, पटनाबाट जारी भएको भनी झुट्टा विवरणको HS नक्कली लव्धांक पत्र तथा प्रव्रजन प्रमाणपत्र र तत्कालीन जिल्ला शिक्षा कार्यालय, पर्साबाट जारी भएको भनी झुट्टा अस्थायी अध्यापन अनुमति पत्र पेश गरी शिक्षक पदमा नियुक्ति लिई मिति २०६६।११।०२ गतेदेखि २०६७।०३।२५ गतेसम्स उक्त विद्यालयमा हाजिर गरी अध्यापनसमेत गराएको पुष्टि हुन आएकोले तत्कालीन शिक्षक निज उर्मिला देवीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन समेतको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५(१) एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी